श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

सर्वोच्च अदालत
काठमाडौं

रामशाहपथ, काठमाडौं
☎ : ४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या : ०७६।७७
प्राप्त पत्र संख्या र मिति :
च.नं. १२०८

मिति : २०७६।०९।०९

विषयः परिपत्र सम्बन्धमा।

श्री सबै उच्च अदालतहरु।
श्री सबै इजलासहरु।
श्री सबै अस्थायी इजलासहरु।
श्री जिल्ला अदालतहरु।

प्रस्तुत सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ को दफा ३०६ र ३०७ सँग सम्बन्धित मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ९१ बमोजिम परेका निवेदनमा जिल्ला अदालतले अनुमति दिई अधिकार क्षेत्र ग्रहण गरी फिराद दर्ता गरी कारवाही र किनारा गर्न सकिने हो वा होइन? भन्ने सन्दर्भमा यस अदालतका माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूको संयोजकत्वमा गठित संयन्त्रमा पेस भई छलफल हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९१(१) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको हक, हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा अदालतको अनुमति लिई जुनसुकै व्यक्तिले फिरादपत्र दिन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त ऐनको दफा २३ मा एउटै विषयको कुनै मुद्दा अदालत र अन्य न्यायिक निकाय दुवैमा दायर भएकोमा त्यस्तो मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार नियमित अदालतलाई हुनेछ भन्ने कानुनी व्यवस्था गरेको छ।

मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ९१ बमोजिम सार्वजनिक सरोकारको विषय देखाई पर्न आएको निवेदनमा अदालतले अनुमति दिई दायर भएका मुद्दा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३ को कानुनी व्यवस्थासमेतका आधारमा कारवाही र किनारा गर्न बाधा नपर्ने व्यहोरा उक्त संयन्त्रको मिति २०७६।०९।०१ गतेको निर्णयानुसार अनुरोध गर्दछु।

नीतिज राई
शाखा अधिकृत